अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/१२/११ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

<table>
<tr><th>सि.नं</th><th>प्रतिवादीहरु</th><th>मुद्दा</th><th>आयोगको माग दावी तथा विशेष अदालतको फैसला</th><th>विशेष अदालतको फैसला र आधार</th><th>आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु</th></tr>
<tr>
<td>१</td>
<td>प्रतिवादीहरु गणेश प्रसाद पोखरेल र बिमला न्यौपाने (पोखरेल) मु.नं (०७९-CR-००७७) फैसला मिति २०८१।०२।०१</td>
<td>गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको।</td>
<td>आयोगको माग दावी
•प्रतिवादी गणेशप्रसाद पोखरेलले सार्वजनिक सेवाको पदमा प्रवेश गरेदेखि नै आफ्नो पदिय हैसियतको दुरुपयोग गरी गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरेको देखिएकोमा यसरी आर्जन गरेको सम्पत्ति आफू र आफ्नो श्रीमती बिमला न्यौपाने (पोखरेल)को नाममा चल अचल सम्पत्ति खरिदमा खर्च गरी निज गणेशप्रसाद पोखरेलले सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसुर गरेको हुँदा निज गणेशप्रसाद पोखरेललाई बिगो रू.१,०६,३३,३३९।९२ (एक करोड छ लाख तेत्तीस हजार तीन सय उनान्चालीस रुपैयाँ बयानब्बे पैसा)कायम गरी सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ मा उल्लेख भए बमोजिम सोही ऐनको दफा ३ र दफा २९(२) एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम बिगो बमोजिम जरिबाना र कैदको सजाय हुन साथै निज प्रतिवादी गणेशप्रसाद पोखरेलले जाँच अवधिमा आर्जन गरेको स्रोत नखुलेको सम्पत्तिबाट बढेबढाई हाल कायम रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु समेतबाट सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ ग, दफा २९(१) र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) र दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ ख. बमोजिम बिगो जफत गरी पाउन मागदावी लिईएको छ। साथै प्रतिवादी गणेशप्रसाद पोखरेलले भ्रष्टाचारजन्य कार्य गरी गैरकानुनी रुपमा आर्जन गरेको स्रोत नखुल्ने सम्पत्तिहरु श्रीमती बिमला न्यौपाने (पोखरेल)को नाममा जग्गाहरु खरिद, घर निर्माण लगायतमा गरिएका खर्चहरु मध्ये स्रोत पुष्टि हुन नसकेको लागत मूल्य बराबरको भागको स्रोत नखुलेको सम्पत्ति</td>
<td>फैसलाः
प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला।
विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः
•स्पष्ट कानूनको अभावमा नगद प्रवाह(case flow) को आधारमा मात्र आय व्ययको गणना गरी निष्कर्षमा पुग्नु न्यायोचित हुने देखिदैन यस अवस्थामा समग्र जाँच अवधिको आय व्ययको विश्लेषण गरी निष्कर्षमा पुग्नु नै उत्तम हुने देखियो ।
•खरिद गर्दा स्रोत नपुगेको भन्ने आधारमा आय घटाउन मिल्ने नदेखिदा समग्र आय कायम गरी घर जग्गा बिक्रिबाट प्राप्त आय र घर बहाल आयलाई प्रतिबादीको आयमा कायम हुने देखियो ।
•सामाजिक परम्परा प्रतिबादीको आर्थिक सामाजिक हैसियत समेतको आधारमा प्रतिबादीले बिवाहमा टिकाटालो वापत दक्षिणा प्राप्त गर्ने न्यायिक अनुमानको आधारमा निजको आयमा गणना हुने ।
•प्रतिबादीले झापा स्थित काठको घर बिक्रीबाट प्राप्त रकम बिक्री गरेको लिखतको</td>
<td>•प्रतिबादीको अनुसन्धानको क्रममा जाँच अवधिमा बादी नेपाल सरकारले कायम गरेको समग्र आय व्ययको शिर्षक निम्न बमोजिम रहेको देखिन्छ ।
<table>
<tr><th rowspan="2">क्र.स.</th><th colspan="2">आय</th><th rowspan="2">क्र.स.</th><th colspan="2">व्यय</th></tr>
<tr><th>विवरण</th><th>रकम</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>१</td><td>निज गणेश प्रसाद पोखरेलले सार्वजनिक पद धारण गरे पछि प्राप्त गरेको तलब, महंगी भत्ता, दुर्गम भत्ता, दशै खर्च बापत प्राप्त रू.४६,५०,६०६।८६ मा ३०% जिवन निर्वाह खर्च कट्टा गरि हुन आउने बचत रकम</td><td>३२,५५,४२४.८०</td><td>१.</td><td>गणेश प्रसाद पोखरेलको नाममा झापा चन्द्रगढी र श्रीमती बिमला न्यौपाने (पोखरेल)को नाममा भक्तपुरमा घर बनाउँदा भएको खर्च</td><td>८६,४६,०२६.७५</td></tr>
<tr><td>२</td><td>निज गणेश प्रसाद पोखरेलले सार्वजनिक सेवा मा प्रवेश गरे पछि प्राप्त गरेको बैठक, प्रोत्साहन लगायत विभिन्न प्रकारको भत्ता, पुरस्कार लगायतका रकम</td><td>८,५०,०५५.९६</td><td>२.</td><td>निज गणेश प्रसाद पोखरेल र श्रीमती बिमला न्यौपाने (पोखरेल)को नाममा विभिन्न स्थानमा जग्गा खरिद गर्दा भएको खर्च रजिष्ट्रेशन दस्तुर समेत</td><td>५०,१८,५२०।-</td></tr>
<tr><td>३</td><td>निज गणेश प्रसाद पोखरेल र निजको श्रीमतीको नाममा रहेको घरजग्गा बिक्रीबाट प्राप्त रकम</td><td>६४,७४,२९५.५०</td><td>३.</td><td>निज गणेश प्रसाद पोखरेलको छोरा छोरी अध्ययनमा भएको खर्च (छोरा विदेश पठाउँदा समेत)</td><td>१९,९०,५२८.३७</td></tr>
<tr><td>४</td><td>निज गणेश प्रसाद पोखरेलले कर्मचारी सञ्चयकोष र नागरिक लगानी कोषबाट लिएको ऋण रकम</td><td>९२,०४,६००।-</td><td>४.</td><td>निजगणेशप्रसादपोखरेलले कर्मचारी सञ्चयकोष र नागरिक लगानी कोषबाट लिएको ऋण बापततिरेको</td><td>९१,२९,५६४.८०</td></tr>
</table>
</td>
</tr>
</table>

			बिगो जफत गर्ने प्रयोजनार्थ मात्र सावित्रक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ ग, दफा २९ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ ख. बमोजिम स्रोत नखुलेका सम्पत्ति र लगानी एवं खर्च बराबरको सम्पत्ति जफत गरी पाउन बिमला न्यौपाने (पोखरेल)लाई प्रतिवादी कायम गरी स्रोत नखुलेको सम्पत्तिबाट बढेबढाई हाल कायम रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरुबाट बिगो र जरिबाना जफत गरिपाउन मागदावी लिईएको छ । **अदालतको फैसला** •प्रतिबादी गणेश प्रसाद पोखरेलको जाँच अवधिको जम्मा व्यय रू ४,०६,८१,०५३ र आय रू ४,१०,१२,०८० रहेको हुँदा आय अंक भन्दा व्यय घटी रहेको भनी प्रतिबादीहरूलाई आरोप माग दावीबाट सफाई पाउने ठहर गरी फैसला भएको अवस्था छ।	आधारमा गणना हुनु पर्ने देखियो । •प्रतिबादीको छोरा गौरव पोखेल अपांग भएको कारण बिभिन्न संघ संस्थाबाट प्राप्त सहयोग आयमा गणना हुनु पर्ने देखियो •प्रतिबादी गणेशप्रसाद पोखरेलले आफुले घर बनाएको भन्ने देखिदा घरको ठेक्का र ओभरहेड खर्च समेत २०% ले हुने घटाउनु पर्ने देखियो •मोटरसाईकलको बिभिन्न शिर्षकमा बिभिन्न मितिमा कर बुझाएकोलाई सेमत व्यय कायम गरेको मनासिब नदेखिदा कर भनिएको रकम घटाई व्यय कायम हुने देखियो।					सावाँ ब्याज रकम	
					५	बिमला न्यौपाने (पोखरेल)को नाममा रहेको जिल्ला भक्तपुर मध्यपुर ठिमी न.पा. सावित्रक वडानं. १५ हाल वडा नं. ३ स्थितको घर र गणेश प्रसाद पोखरेलको नाममा झापा ६ मा रहेको घर बहाल बाट प्राप्त रकम	७,७६,८१४।-	५.	बिमला न्यौपाने (पोखरेल)को नाममा रहेको जिल्ला भक्तपुर मध्यपुर ठिमी तथा झापा स्थितको घर बहालबाट प्राप्त रकम बापत तिरेको बहाल कर	१,४७,२१०।-
					६	निज गणेश प्रसाद पोखरेलको श्रीमती बिमला न्यौपाने (पोखरेल)ले रिलायन्स लाईफ ईन्स्योरेन्समा बीमा अभिकर्ता भै कार्य गरे बापत प्राप्तगरेको कमिसन रकम	५,१४,६३६.२६	६.	गणेश प्रसाद पोखरेलको नाममा जिल्ला झापा चन्द्रगढी ६ स्थित कित्ता नं. ३३७६, ३३७९ र ३३८१ घर जग्गा बिक्री गर्दा तिरेको पुँजिगत लाभकर	१,००,०००।-
					७	गणेश प्रसाद पोखरेलले गरेको जिवन बीमा परिपक्व भै प्राप्त प्रतिफल रकम	१५२,३८३.५०	७.	गणेश प्रसाद पोखरेलको नाममा गरेको जिवन बीमा बापत तिरेको बीमा प्रिमियम	३१४,९८६।-
					८	गणेशप्रसादपोखरेलको छोरा र ज्वाईंलेविदेशबाट पठाएको रेमिट्यान्स रकम	४५,८४,९२९.१६	८.	गणेशप्रसादपोखरेल को छोराछोरीको बिवाह, ब्रतबन्ध र सामाजिक कार्यमा भएको खर्च	५,००,०००।-
					९	गणेश प्रसाद पोखरेलको नाममा रहेको मोटरसाईकल बिक्रीबाट प्राप्त रकम	१,३५,०००।-	९.	गणेश प्रसाद पोखरेलको नाममा मोटरसाईकल खरिद गर्दा भएको खर्च	४,१८,९२३.६२

१०	गणेश प्रसाद पोखरेल र निजको परिवारको नाममा रहेको विभिन्न कम्पनीहरुको शेयर बिक्री बाटप्राप्त रकम	५९,१२,५६१.५१	१०.	गणेश प्रसाद पोखरेल र निजको परिवारको नाममा विभिन्न कम्पनीहरुको शेयर खरिद तथा लगानी गर्दा भएको खर्च	१,२८,६३,३७२.१०
११	निज गणेश प्रसाद पोखरेल र निजको श्रीमतीको नाममा रहेको जग्गाबाट प्राप्त कृषि आय	१२,९४,३६१.४९	११.	सुनखरिद	४,७०,०००।-
			१२.	निज र निजको परिवारको नाममा विभिन्न बैकमा रहेको खाताहरुमा भएको मौज्दात रकम	४१,८९,२७०.४६
		३,३१,५५,०६२.१९			**४,३७,८८,४०२.१०**
				अधिक ब्यय	**(१,०६,३३,३३९.९२)**

- प्रतिबादीले देहायका शिर्षकहरूमा समर्थन गरेको आधारमा सम्मानित अदालतबाट समेत उक्त आयलाई कायम गरेको देखिदा निम्न आय शिर्षकमा पुनराबेदन जिकर लिईरहनु पर्ने देखिएन ।

१	निज गणेश प्रसाद पोखरेलले सार्वजनिक पदधारण गरे पछि प्राप्त गरेको तलब, महंगी भत्ता, दुर्गम भत्ता, दशै खर्च बापत प्राप्त रू.४६,५०,६०६।८६ मा ३०% जिवन निर्वाह खर्च कट्टा गरि हुन आउने बचत रकम	३२,५५,४२४.८०
२	निज गणेश प्रसाद पोखरेलले कर्मचारी सञ्चयकोष र नागरिक लगानी कोषबाट लिएको ऋण रकम	९,२०,४,६००।-
३	गणेश प्रसाद पोखरेलले गरेको जिवन बीमा परिपक्व भै प्राप्त प्रतिफल रकम	१,५२,३८३.५०
४	गणेश प्रसाद पोखरेलको नाममा रहेको मोटरसाईकल बिक्रीबाट प्राप्त रकम	१,३५,०००।-

५) आरोपपत्रमा कायम गरेका आय शीर्षकहरु मध्ये प्रतिवादीले विवाद गरेका देहायका शीर्षकहरुमा निम्न बमोजिम हुने भनी आरोपदावी भन्दा फरक रकमलाई आय मान्यता दिएको देखिदा निम्न शिर्षकमा कायम आय ब्यय त्रुटिपूर्ण रहेको देखिदा बदरभागी रहेको छ

					• **प्रतिबादीको समग्र आयको गणना गरेको सम्बन्धमा-** प्रतिबादीले जाँच अबधीमा बिभिन्न शिर्षकमा गरेको आय र ब्ययको समष्टिगत रूपमा अध्ययन गरी सम्मानित अदालतबाट फैसला भएको देखिन्छ ।तर अनुसन्धानको क्रममा प्रतिबादीको नगद प्रबाह(cash flow) को आधारमा बिभिन्न समयको परिक्षण अबधि(Check period) कायम गरी निजको आय ब्ययको अध्ययन गरेको देखिन्छ । बास्तबमा बिभिन्न जाँच अबधि कायम गर्दा अबैध सम्पत्तिबाट बढे बढाएको सम्पत्ति बैध मान्न मिल्दैन भन्ने सिद्धान्तको आधारमा नै प्रतिबादीले जाँच अबधीको बिभिन्न अबधिमा स्रोतले नखामेको हदसम्म आय Cutt of period कायम गरी प्रतिबादीको समग्र सम्पत्तिको गणना गरिएको हो । प्रतिबादीको सम्पत्ति जाँच गर्ने बिषय अनुसन्धानकर्ताको क्षेत्राधिकारको भित्र पर्ने भएकोले बादीले नै अनुसन्धान पद्दती रोज्ने हो । प्रतिबादीको आफूले आर्जन गरेको सम्पत्तिको श्रोत पुष्टि गर्नु पर्छ यदी उक्त श्रोत पुष्टि गर्न नसकेमा उक्त सम्पत्ति गैह्रकानूनी रूपमा आर्जन गरेको मानिने हुँदा निजले गैरकानूनी रूपमा आर्जन गरेको सम्पत्ति देखिएको अवस्थामा नै बिभिन्न समयाबधि कायम गरिएको देखिन्छ ।प्रस्तुत मुद्दामा आयोगले प्रतिबादीको समग्र जाँच अबधीलाई / बर्गमा बर्गिकृत गरी जाँच गरेको देखिन्छ । आयोगले बर्गिकृत गरेको अबधी मा प्रतिबादीले कारोवार गरेको ठुलो हिस्सा लाई समाबेश गरी अनुसन्धान गरेकोले सो case flow अबधी बाट जाँच गर्नुको युक्तियुक्त आधार र कारण भनेको सो अबधीमा कारोबार भएको रकम को स्रोत के कुन माध्यमबाट भएको हो सो को Source and Application analysis गर्नु हो । जसलाई आयोगले सम्पत्ति छानविन मुद्दामा कार्यबिधि बनाई स्पष्ट मापदण्डको आधारमा अनुसन्धान गरेको तथ्य पुष्टि भएको छ । पहिला गैरकानूनी रूपमा आर्जन गरेको सम्पत्तिलाई पछि आएर समग्र जाँच अबधी भन्ने आधार लिई बिभिन्न औचित्यहिन श्रोत देखाई बैध देखाउन खोजिएको छ । अबैध सम्पत्तिबाट बढे बढाएको सम्पत्ति अबैध हुन्छ । प्रतिबादीको साथमा रहेको सम्पत्तिको बैधानिक श्रोत पुष्टि गर्ने प्रमाणको भार प्रतिबादीमा नै रहन्छ अर्थात अबैध सम्बृद्धि होईन भनी पुष्टि गर्ने भार प्रतिबादीमा नै निहित रहन्छ ।सम्मानित अदालतबाट फैसला हुँदा प्रमाणको प्रचुरताको आधारमा सम्पत्तिको स्रोतको बैधानिकता परिक्षण गर्नु पर्नेमा आयको गणना गर्दा जाँच अबधिलाई एउटै समायाबधि मानी आयको जाँच गरेको प्रकृयागत भन्ने आधार लिई प्रतिबादीलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रही बदरभागी रहेको छ । • यस्तै गैरकानूनी सम्पन्नूता सम्बन्धी कसूरमा अपराधका तत्वहरूकार्य (Actus Reus) र मनसाय (Mens Rea) सम्पत्तिको परिमाण र स्रोतको पुष्टिसँगै अन्तरघुलित रूपमा रहेको मानिन्छ।अर्थात् बैध स्रोतपुष्टि नहुने प्रकृतिको सम्पत्ति रहनु नै आपराधिक कार्य (Actus Reus) र त्यस्तो सम्पत्तिआर्जन गर्दा लुप्त वा जुनसुकै तवरबाट गरिने कार्यमा निहित मनसाय नै दूषित मनसाय (Mens Rea) को रूपमा सन्निसहित रहेको मानिन्छ। United Nation Convention Against Corruption,२००३ को धारा २८ मा समेत गैरकानूनी सम्पन्नपताको कसूरमा knowledge, intent or purpose required as an element of an offence established in accordance with this convention may be inferred from objective factual circumstance भनी उल्लेख भएको र कुनै पनि व्यक्तिको मनसाय तथ्यात्मक परिस्थिति(factual circumstance)बाट अनुमान गर्न सकिन्छ भनी भएको व्यवस्थाले समेत अपराधका तत्वका सापेक्षिक परिभाषा हुनसक्ने भएको देखिन आउँछ।यसरी गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको कसूरमा सम्बन्धित सार्वजनिक पद धारण गरेको व्यक्तिमात्र कानूनको दायरा भित्र पर्ने नभई निजको घरपरिवारसमेतका व्यक्तिहरू उपर अनुसन्धान तहकिकात गरिन्छ।यसो गर्नुको मूल उद्देश्य घरपरिवारको व्यक्तिहरूले पनि उक्त भ्रष्टाचारजन्य कार्यबाट आर्जित सम्पत्ति आफ्नो नाममा राख्ने वा लुकाई छुपाईगर्न मद्दत गरेको हुन सक्ने वा त्यस्तो भ्रष्टाचारजन्य सम्पत्तिबाट लाभान्वित हुनसक्ने हुँदा परिवार वा शङ्कास्पद व्यक्तिसमेत उपर पनि अनुसन्धानको

					दायरा बिस्तृत हुन सक्ने हुन्छ । सम्मानित अदालतबाट फैसला हुँदा प्रमाणको प्रचुरताको आधारमा सम्पत्तिको स्रोतको बैधानिकता परिक्षण गर्नु पर्नेमा आयको गणना गर्दा जाँच अबधिलाई एउटै समायाबधि मानी आय व्ययको जाँच गरेको फैसला त्रुटिपूर्ण रही बदरभागी रहेको छ । **गणेशप्रसाद पोखरेलले प्राप्त गरेको विभिन्न भत्ता र पुरस्कारः** •प्रतिबादीले अनुसन्धानको क्रममा निजले आयोगमा पेस गरेको सम्पत्ति विवरण फाराममा निर्वाचन भत्ता, दैनिक भ्रमण भत्ता, बैठक भत्ता, विदेश भ्रमण भत्ता, प्रोत्साहन भत्ता शिर्षकमा गरी रू.२०,५६,९३४।— माग गरेता पनि निजले पेस गरेको कागजात र सम्बन्धित कार्यालयबाट प्राप्त कागजातहरुबाट निज गणेशप्रसाद पोखरेल सार्वजनिक सेवामा कार्यरत रहँदा विभिन्नब गोष्ठी, बैठकमा सहभागी भए बापत, विभिन्नू कार्यालयमा कार्यरत रहँदा प्राप्त गरेको प्रोत्साहन भत्ता, विदेश भ्रमण भत्ता, बैठक भत्ता लगायतका भत्ता र पुरस्कार समेत गरी जम्मा रू.८,५०,०५५।९६मात्र कायम गरी आयमा गणना गरिएको हो सम्मानित अदालतबाट प्रतिबादीले पेश गरेका प्रमाणका आधारमा भनी निम्न बमोजिमका आय रु १८,६३,८८०।थप हुने देखियो भनी थप आय कायम गरेको देखिन्छ लुगाभत्ता समेतः- सम्मानित अदालतबाट फैसला हुँदा लुगा भत्तामा प्रतिबादीले आन्तरिक राजश्व कार्यालय झापामा रहदा ०६५ सालदेखि २०७८ साल सम्मको लुगाभत्ता रू १,२४,८००।— भनी जिकिर लिएको आधारमा कायम गरिएको छ । यस्तै सरूवा भ्रमण खर्च रू १,०२,९३५।— कायम गरिएको छ । सरूव भत्ता रू ७,८३०।- ।-प्रतिबादीले लिएको जिकिरको आधारमा मात्र उक्त आय कायम गरिएको छ । बास्तवमा उक्त रकम उल्लेखित प्रयोजनको लागी उपलब्ध गराईने भएको हुँदा बचत आयमा समाबेश गर्न मिल्दैन । उक्त आय शिर्षकहरू खुद खर्च भएर जाने शिर्षक अन्तर्गत पर्ने हुँदा उक्त आयलाई बचत आयमा समाबेश गर्न मिल्ने होईन ।बास्तबमा पोशाक भत्ता बार्षिक रूपम एक पटक निजामती कर्मचारीको लागी पोशाक खरिद गर्नको लागी उपलब्ध गराएको रकम हो । उक्त रकम प्राप्त गरेपछि निजामती कर्मचारीले एक जोर कपडा खरिद गर्दा सकिने गरी उपलब्ध गराएको छ । उक्त रकमको ७० प्रतिशत बचत हुने सम्भावना हुँदैन । पोशाक भत्ता खर्च भएर जाने रकम हो जुन एक पटक पोशाक खरिद गरिसकेपछि उक्त रकम पनि सकिने हुँदा बचत हुन सक्दैन ।सरूवा भ्रमण समेत कर्मचारी एक ठाउबाट अर्को ठाउमा जानको लागी खर्च लाग्ने हुँदा सोही आधारमा उपलब्ध गराईएको हो बचत गर्नको लागी उपलब्ध गराएको होईन ।खाना खर्च समेत कर्मचारीले अफिसमा काम गर्ने क्रममा घरमा खाना खान जान नसक्ने अबधिको लागी खाना खानको लागी दिईएको रकम हो । खाना खर्च कुनै पनि निजामती कर्मचारीले कानून बमोजिम प्राप्त गर्ने रकम होईन ।सम्मानित अदालतबाट फैसला हुँदा प्रतिबादीले पेश गरेको कागजात र सम्बन्धित कार्यालयबाट प्राप्त कागजातबाट सार्वजनिक सेवामा रहदा बिभिन्न गोष्ठी ,बैठकमा सहभागी भए बापत ,बिभिन्न कार्यालयमा कार्यरत रहँदा प्राप्त गरेको प्रोत्साहन भत्ता बिदेश भ्रमण भत्ता ,बैठक भत्ता लगायतका भत्ता पुरस्कार निजले पेस गरे बमोजिम नै निजको आयमा समाबेश गरिएको हो भनी गरेको फैसला मिलेको देखिदैन। यसरी खुद खर्च भएर जाने रकमलाई समेत बचत हुने रकम मानी प्रतिबादीको बैधानिक आयमा कायम गर्न मिल्ने होईन । सम्मानित सर्बोच्च अदालतबाट समेत “खुद खर्च भै जाने विविध शीर्षकको रकमलाई आयमा समावेश गर्न कुनै कानून र विवेकसम्मत आधार नदेखिने”(ने.का.प. २०६८ नि.नं. ८७२२ नेपाल सरकार बि. जयप्रसाद गुप्ता) भन्ने सिद्धान्त प्रतिपादन भएको छ । यसरी खुद खर्च जाने रकमलाई समेत आय मानी प्रतिबादीको बैध आय कायम गरी गरेको उक्त फैसला सम्मानित अदालतबाट भएको फैसलाको प्रतिकुल रही बदरभागी रहेको छ । • **निमित्त तथा का.मु.भत्ता,महंगी भत्ता समेत** — यातायात व्यबस्था कार्यालय चाबहिलमा ०७४ पौष १३ देखि ०७५

					पौष सम्म कार्यरत रहदा रू ७५,५५६.००निमित्त भत्ता लिएको,महंगी भत्ता रू १,९८,०००।— कायम गरिएकोमा प्रतिबादीले थप रू ६९,२६६\६७ जिकिर लिएको भनी उक्त जिकिर बमोजिम कायम गरिएको छ । स्थानिय भत्ता-प्रतिबादीले पेश गरेको आधारमा भनी रू ३१,८०७०।— कायम गरिएको छ चाडपर्व खर्च- प्रतिबादीले जाँच अवधिमा रू ४,०३,४८५।— कायम गरिएकोमा प्रतिबादीको जिकिरक आधारमा रू ४,५१,६५५।—कायम गरिएको छ ।प्रोत्साहन भत्ताबाट कट्टा परिएको नागरिक नगानी कोष कट्टी रकम आयोगबाट रू ५,८२,९७९.३६ कायम गरिएकोमा प्रतिबादीको जिकिर रू ७,३१,२९४.६४ लिएकोमा प्रतिबादीको जिकिर बमोजिम नै थप रू १,४८,३१५.२८ लाई नै आय कायम गरिएको छ । दैनिक भ्रमण तथा काज भत्ता-आयोगबाट प्रतिबादीको समग्र जाँच अवधीमा रू ७४,५०८.०कायम गरिएकोमा प्रतिबादीको जिकिर बमोजिम ४,१९,२०४.१९ रहेको भनी उक्त आय कायम गरेको छ ।थप भएको प्रोत्साहन भत्ता आयोगबाट रू ५,००,२६६.७६ कायम गरिएकोमा प्रतिबादीको रू ७,४८,६८३.५८ जिकिर लिएकोमा उक्त आयलाई मान्यता दिएको देखिन्छ । बिदा तथा अन्य भत्ता रू २,९२९।— जिकिर लिएकोमा के कुन बिदा बापत पाएको उक्त रकम हो भनी केही नखुलाई उक्त रकमलाई आयमा मान्यता दिएको देखिन्छ । लोकसेवा आयोग खोटाङ्गबाट प्राप्त आयोगबाट रू २७०३.७५ कायम गरेकोमा अदालतबाट रू २९०६ लाई कायम गरिएको छ बैठक भत्ता आयोगबाट रू १,६६,६००।— कायम गरिएकोमा प्रतिबादीले रू २,१८,०५०।— जिकिर लिएको आधारमा उक्त आयलाई कायम गरेको देखिन्छ । तालिम गोष्ठि सहभागिता जनाएको आधारमा प्रमाणपत्र पेश गरी लिएको जिकिरको आधारमा रू ७७,८००।कायम गरेको छ । बास्तबमा तालिम गोष्ठी केही आवासीय हुन्छन भने केही अफिस टाईममा अफिस भएको स्थानमा संचालित हुने हुँदा उक्त अबस्थामा भत्ता उपलब्ध गराएको हुँदैन । हरेक सहभागीभएको तालिम\गोष्ठीमा प्रमाणपत्र उपलब्ध गराईन्छ भने हरेकमा भत्ता दिएको हुदैन ।कानून बमोजिम भत्ता लिन समेत नमिल्ने हुन्छ यस्तो अबस्थामा केही बिश्लेषण नै नगरी तालिमा प्राप्त गरेको प्रमाणपत्रलाई आधार बनाई लिएकोजिकिरको आधारमा आय कायम गरेको त्रुटिपूर्ण रहेको देखिन्छ ।यसरी उल्लेखित शिर्षक अन्तर्गतको आय प्रतिबादी मौकामा जिकिर लिन नसकेको र तत्काल निज प्रतिबादीकार्यरत कार्यालयबाट बिबरण प्राप्त नभएको कारणले निजको आय कायम नगरिएको हो । प्रतिबादीले मुद्दा परेपछि आफु कसुरबाट उन्मुक्ति पाउने उद्देश्यले पछि सृजना गरिएका प्रमाणहरूलाई आधार मानी प्रतिबादीले लिएको जिकिरको आधारमा प्रतिबादीको आय कायम हुने गरी भएको फैसला त्रुटिपूर्ण रही बदरभागी रहेको छ । •**निर्वाचन भत्ता अनुगमन भत्ता** -: प्रतिबादीले तत्काल उपलब्ध प्रमाणको आधारमा रू २६,२३७.५० आय कायम गरिएकोमा प्रतिबादीले अदालतमा बयानको क्रममा रू ५,००,७२५।जिकिर लिएको आधारमा प्रमाणित पत्र हाजिरी रेकर्डका आधारमा भनी प्रतिबादीको जिकिर बमोजिम ४,७४,४८७.५०।थप गरी उक्त रकम आयमा कायम गरिएको छ ।नेपाल सरकारले प्रत्येक निर्वाचनमा कर्मचारीलाई निर्वाचनमा खटाउदा भत्ता दिने गर्दछ । निर्वाचन गर्दा प्रत्येक कर्मचारी सम्बन्धित क्षेत्रमा खटिई जाने हुँदा उक्त स्थानमा जाँदा आउदा र निर्वाचन हुने दिनसम्म मतदान केन्द्रमा बस्नको लागी लाग्ने आवश्यक खर्च दिएर पठाएको हुन्छ । उक्त रकम कर्मचारी मतदान स्थलमा खटिदा नै खर्च हुने रकम हो र अन्य भत्ता समेत के काम प्रयोजनको लागी उक्त भत्ता उपलब्ध गराइएको हो उक्त कार्य गर्दा उक्त रकम खर्च भई जाने हुन्छ ।हरेक अबस्थामा सबै रकम बचत हुन सक्दैन । निर्वाचन अधिकृत वा कर्मचारीमा नियुक्त हुदैमा सबै अबस्थामा सबै निर्वाचन क्षेत्रमा गएर काम गर्दछन भन्ने भनी हुदैन ।यस्तो अवस्थामा कर्मचारिले प्राप्त गरेको उक्त रकम को ७० प्रतिशत बचत हुन्छ भनी अनुमान गर्न मिल्ने देखिदैन । यस्ता किसिमका खुद खर्च भएर जाने रकमलाई आयमा गणना गर्न मिल्दैन भनी न्यायिक सिद्धान्त समेत प्रतिपादन भएको देखिन्छ ।सम्मानित

सर्वोच्च अदालतबाट "खुद खर्च भैजाने विविध शीर्षकको रकमलाई आयमा समावेश गर्न कुनै कानुन र विवेक सम्मत आधार नदेखिने"(ने.का.प. २०६८ नि.नं. ८७२२ नेपाल सरकार बि. जयप्रसाद गुप्ता) भन्ने सिद्धान्त प्रतिपादन भएको छ । यसरी प्रतिबादीले मौकामा कुनै जिकिर लिन नसकेको खुद खर्च भएर जाने बिबिध शिर्षक अन्तर्गतको रकमलाई समेत प्रतिबादीको बचत मानी आय कायम गर्ने गरी भएको उक्त फैसला सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त प्रतिकुल रहेको रही बदरभागी रहेको छ ।

- **वैदेशिक सहभागिता तालिम बापतको खर्च**- प्रतिबादीको समग्र जाँच अबधिमा १५,९५३.७० कायम गरिएकोमा सम्मानित अदालतबाट रू २२,८८८.९८ लाई ३०% कट्टा गर्नु नपर्ने पकेट खर्च दिएको हुँदा उक्त रकम कट्टा गर्न नपर्ने भनी प्रतिबादीको जिकिर बमोजिम नै आय कायम गरेको देखिन्छ । के कुन आधारमा उक्त आयको ३०% कट्टा गर्न नपर्ने हो भनी बिष्लेशण गरेको देखिदैन । बिदेशमा तालिममा सहभागी हुँदा सबै रकम बचत हुन्छ भनेर मान्यता राखु न्यायिक अनुमान हुन सक्दैन । अदालतले कुनै पनि कुराको अनुमान गर्दा अनुमान योग्य कथन हुनुपर्छ । जसमा न्यायिक मन प्रयोग गरेर अनुमान गर्नु पर्छ । तर यसमा त बैदेशिक तालिममा सहभागी हुँदा सहभागी भएबापत प्राप्त गर्ने पकेट मनी सबै नै बचत हुन्छ भन्ने आधारमा अनुमानको आधारमा गरेको फैसला त्रुटिपूर्ण रहेको छ ।
- **घर जग्गा बिक्रीबाट प्राप्त आय :** गणेशप्रसाद पोखरेलको नाममा रहेको जिल्ला झापा चन्द्रगढी ६ स्थित कित्ता नं. ३३७६, ३३७९ र ३३८१ क्षे.फ. ०-३-० बिगाहा जग्गा र सो मा बनेको घर समेत मिति २०७८/०५/२४ मा गीता रेग्मीलाई रू.४०,००,०००।— मा र श्रीमती बिमला न्यौपाने (पोखरेल)को नाममा रहेको जिल्ला भक्तपुर दधिकोट वडा नं. ७ख स्थित कित्ता नं. २५४२ क्षे.फ. ०-४-१-३ रोपनी जग्गा मिति २०७४/०५/२५ मा ओम कुमारी बस्नेतलाई रू.२९,००,०००।— मा बिक्री गरी जम्मा रू.६९,००,०००।— आय आर्जन गरेको देखिएको आयोगले कित्ता नं. ३३७६, ३३७९ र ३३८१ को जग्गामा मिति २०५० सालमा घर निर्माण गर्दा खर्च भएको रू.२,००,०००।- को ५०.२१% रकमको मात्र स्रोत पुगेको र र सो घर जग्गा रू.४०,००,०००।- बिक्री गर्दा घरको मुल्य रू.८,५५,०००।— रहेता पनि घर निर्माण गर्दा स्रोत पुगेको रकमको प्रतिशत अर्थात रू.८,५५,०००।— को ५०.२१% रकमलाई मात्र आयमा गणना गरिएको देखिन्छ। प्रतिबादीले गैह्रकानूनी रूपमा आर्जन गरी कमाएको सम्पत्ति पछि गएर उक्त सम्पत्ति बेचबिखन गरी प्राप्त गरेको आयले गैरकानूनी रूपमा आर्जन गरी कमाएको सम्पत्तिलाई परिपुरण गर्न सक्दैन ।यदि पहिला गैरकानूनी रूपमा आर्जन गरेको सम्पत्तिलाई पून सोही सम्पत्तिलाई बैध मानिने हो भन्ने कर्मचारीहरू भ्रष्टाचार गर्नमा उद्दत हुन पुग्छन । यसैले पहिला गैह्रकानूनी रूपमा आर्जन गरेको आयले पछि सो सम्पत्तिलाई बढे बढाएकोमा त्यसलाई बैध मानि गणना गरिनु भन्ने भ्रष्टाचार निवारण ऐन २०५९ को दफा २० को मर्म होईन । कुनै पनि सम्पत्ति बैध रुपमा आय आर्जन गरेको भन्ने नीज प्रतिबादीले प्रमाणित गर्न सक्नु पर्छ।प्रतिबादीले उल्लेखित जग्गाहरू बैध स्रोतबाट खरिद गरेको हो भनी प्रमाणबाट पुष्टि गर्न सकेको देखिदैन ।अन्य प्रमाणबाट पुष्टि नभएको अवस्थामा प्रतिबादीले जिकिर गरेको आधारमा मात्र आयलाई मान्याता दिन मिल्ने होईन । सम्मानति सर्वोच्च अदालतबाट "कानुनले नै सार्वजनिक पद धारण गरको मानिने राष्ट्रसेवकका साथमा रहेको सम्पत्तिको स्रोत पुष्टि गर्ने दायित्व निज उपर राखुको साथै जाँच अवधिमा खरिद गरिएका जग्गा बिक्रिबाट प्राप्त रकमलाई आय मान्न त्यस्तो जग्गा खरिदको स्रोत पनि पुष्टि गर्नु पर्ने"(ने.का. प. २०६९ अंक ५ नि.नं. ८८३२ नेपाल सरकार बि. खुमबहादुर खडका) भन्ने सिद्धान्त प्रतिपादन भएको छ।यस्तै स्रोत नखुलेको सम्पत्तिबाट बढे बढाएको चल अचल सम्पत्तिका सम्बन्धमा नेपाल सरकार बिरूद्द युवराज शर्मा समेत समेत भएको

					मुद्दामा "गैरकानूनी आर्जन गरेको भनी पर्ने भ्रष्ट्राचार मुद्दामा जाँच अवधिमा प्रतिवादीले आर्जन गरेको सम्पत्ति र गरेका खर्चहरूको सो अवधिमा निजलाई कानूनी रूपमा प्राप्त भएका आयहरूबाट स्रोत पुष्टि गर्नु सक्नु पर्ने आधारभुत सम्पत्तिको स्रोत पुष्टि गर्न नसकेको अवस्थामा त्यसबाट बढेबढाएको सम्पत्ति स्वतः गैरकानूनी हुने भई दफा ४७ बमोजिम जफत हुने स्थिति रहन्छ त्यसैले बढेबढाएको सम्पत्तिको स्रोत खोज्न वा त्यस्तो सम्पत्तिबाट आधारभुत सम्पत्तिको स्रोत पुष्टि हुने गरी अर्थ गर्न मिल्दैन । बढेबढाएको सम्पत्तिलाई आयको मान्यता दिदा परिणामतः त्यसको आधारभुत सम्पत्तिकै स्रोत पुष्टि हुन जाने अवस्था सृजना हुन आउछ जुन कानुन सम्मत हुन नसक्ने(ने.का.प. २०६९अंक ५ नि.नं. ८८८६) भन्ने सिद्धान्त प्रतिपादन भएको छ ।यसरी प्रतिबादीले जग्गा खरिद गर्दा बैधानिक स्रोतबाट खरिद गरेको भन्ने जिकिर लिई उक्त जिकिरलाई पुष्टि गर्न नसकेको अवस्थामा उक्त सम्पत्तिबाट बढेबढाएको सम्पत्ति समेत स्वतः गैरकानूनी हुने सम्मानित अदालतबाट सिद्धान्त प्रतिपादन भएको अवस्था हुँदा हुँदै गैरकानूनी आर्जन गरेको सम्पत्तिबाट बढेबढाएको सम्पत्तिलाई समेत आय कायम गरी गरेको फैसला त्रुटिपूर्ण रही बदरभागी रहेको छ । • **घर बहाल आय-:** गणेशप्रसाद पोखरेलले श्रीमती बिमला न्यौपाने (पोखरेल)को नाममा रहेको जिल्ला भक्तपुर मध्यपुर ठिमी न.पा. साबिकवडा नं. १५ हाल वडा नं. ३ स्थितको घर २०७५ साल असोज महिना देखि प्रति महिना रू.३१,०००।— को दरले बहालमा दिई जम्मा रू. १२,४०,०००।- रकम प्राप्त गरेको भनी उल्लेख गरेता पनि उक्त घर निर्माणको लागी मिति २०७५/०६/७ गते अनुमति प्राप्तन गरी २०७५/१०/२१ मा मात्र निर्माण सम्पन्न भएको र बयानको क्रममा २०७६ असोज हुनुपर्नेमा २०७५ असोज भएको हो। वस्तविकतामा २०७६ असोज महिना देखि मात्र घर बहालमा दिएको हो भनी खुलाई सम्झौता समेत पेस गरेको देखिएकोले उक्त घरको बहाल आयमा २०७६ असोज देखि २०७८ फागुन सम्म ३१ महिनाको मात्र प्रति महिना रू.३१,०००।— को दरले जम्मा रू.९,६१,०००।— प्राप्त् हुने देखिएता पनि उक्तजग्गा खरिद गर्दा र सो जग्गामा घर निर्माण गर्दा भएको खर्च जम्मा रू.१,०४,४६,०२६।७५ मध्येरू.५९,३४,२४२।६५ अर्थात ५६.८०% रकमको मात्र स्रोत पुगेको देखिएकोले आयोगले बहाल आय रकमको सोही प्रतिशतले हुन आउने रू.५,४५,८४८।—मात्र गणना गरेको देखिन्छ। यसै गरी गणेशप्रसाद पोखरेलको नाममा रहेको जिल्ला झापा चन्द्रगढी ६ स्थित कित्ता नं. ३३७६, ३३७९ र ३३८१ मा रहेको १ तले घरको २ वटा कोठा २०७२ बैशाख देखि २०७४ चैत्र सम्म प्रति महिना रू.५,०००।— को दरले तथा २०७५ बैशाख देखि २०७८ श्रावण सम्म प्रति महिना रू.७,०००।- को दरले बहालमा दिई जम्मा रू.४,६०,०००।- प्राप्त गरेको देखिएता पनि उक्त घर २०५० सालमा निर्माण गर्दा खर्च भएको रकम मध्ये ५०.२१% रकमको मात्र स्रोत पुगेकोदेखिएकोलेआयोगले बहाल आय रकमको पनि सोही प्रतिशतले हुनु आउने रकम रू.२,३०,९६६।—मात्र गणना गरेको देखिन्छ । सम्मानित अदालतबाट प्रतिबादीको गैरकानूनी रूपमा आर्जन गरेको सम्पत्तिबाट निर्माण गरेको घरबाट प्राप्त गरेको सम्पूर्ण आयलाई बैध आय कायम गरी फैसला गरेको देखिन्छ तर गैरकानूनी रूपमा आर्जन गरि कमाएको सम्पत्तिबाट निर्माण गरेको घरबाट प्राप्त भएको सबै बहाल आयलाई प्रतिबादीको आयमा समाबेश गर्न मिल्ने देखिदैन । प्रतिबादीले गैह्रकानूनी रूपमा आर्जन गरी कमाएको सम्पत्ति पछि गएर उक्त सम्पत्ति बेचबिखन गरी प्राप्त गरेको आयले गैरकानूनी रूपमा आर्जन गरी कमाएको सम्पत्तिलाई परिपुरण गर्न सक्दैन ।यदि पहिला गैरकानूनी रूपमा आर्जन गरेको सम्पत्तिलाई पून सोही सम्पत्तिलाई बैध मानिने हो भन्ने कर्मचारीहरू भ्रष्ट्राचार गर्नमा उद्दत हुन पुग्छन । यसैले पहिला गैह्रकानूनी रूपमा आर्जन गरेको आयले पछि सो सम्पत्तिलाई बढेबढाएकोमा त्यसलाई बैध मानि गणना गरिनु भन्ने भ्रष्ट्राचार निवारण ऐन

					२०५९ को दफा २० को मर्म होईन । कुनै पनि सम्पत्ति बैध रुपमा आय आर्जन गरेको भन्ने नीज प्रतिबादीले प्रमाणित गर्न सक्नु पर्छ।प्रतिबादीले उल्लेखित जग्गाहरू बैध स्रोतबाट खरिद गरेको हो भनी प्रमाणबाट पुष्टि गर्न सकेको देखिदैन ।अन्य प्रमाणबाट पुष्टि नभएको अवस्थामा प्रतिबादीले जिकिर गरेको आधारमा मात्र आयलाई मान्याता दिन मिल्ने होईन । सम्मानति सर्बोच्च अदालतबाट "कानुनले नै सार्वजनिक पद धारण गरको मानिने राष्ट्रसेवकका साथमा रहेको सम्पत्तिको स्रोत पुष्टि गर्ने दायित्व निज उपर राखुको साथै जाँच अवधिमा खरिद गरिएका जग्गा बिक्रिबाट प्राप्त रकमलाई आय मान्न त्यस्तो जग्गा खरिदको स्रोत पनि पुष्टि गर्नु पर्ने"(ने.का. प. २०६९ अंक ५ नि.नं. ८८३२ नेपाल सरकार बि. खुमबहादुर खडका) भन्ने सिद्धान्त प्रतिपादन भएको छ।यस्तै स्रोत नखुलेको सम्पत्तिबाट बढे बढाएको चल अचल सम्पत्तिका सम्बन्धमा नेपाल सरकार बिरूद्द युवराज शर्मा समेत समेत भएको मुद्दामा "गैरकानूनी आर्जन गरेको भनी पर्ने भ्रष्ट्राचार मुद्दामा जाँच अवधिमा प्रतिबादीले आर्जन गरेको सम्पत्ति र गरेका खर्चहरूको सो अवधिमा निजलाई कानूनी रूपमा प्राप्त भएका आयहरूबाट स्रोत पुष्टि गर्नु सक्नु पर्ने आधारभुत सम्पत्तिको स्रोत पुष्टि गर्न नसकेको अवस्थामा त्यसबाट बढेबढाएको सम्पत्ति स्वतः गैरकानूनी हुने भई दफा ४७ बमोजिम जफत हुने स्थिति रहन्छ त्यसैले बढेबढाएको सम्पत्तिको स्रोत खोज्न वा त्यस्तो सम्पत्तिबाट आधारभुत सम्पत्तिको स्रोत पुष्टि हुने गरी अर्थ गर्न मिल्दैन । बढेबढाएको सम्पत्तिलाई आयको मान्यता दिदा परिणामतः त्यसको आधारभुत सम्पत्तिकै स्रोत पुष्टि हुन जाने अवस्था सृजना हुन आउछ जुन कानुन सम्मत हुन नसक्ने(ने.का.प. २०६९अंक ५ नि.नं. ८८८६) भन्ने सिद्धान्त प्रतिपादन भएको छ ।यसरी प्रतिबादीले जग्गा खरिद गर्दा बैधानिक स्रोतबाट खरिद गरेको भन्ने जिकिर लिई उक्त जिकिरलाई पुष्टि गर्न नसकेको अवस्थामा उक्त सम्पत्तिबाट बढेबढाएको सम्पत्ति समेत स्वतः गैरकानूनी हुने सम्मानित अदालतबाट सिद्धान्त प्रतिपादन भएको अवस्था हुँदा हुँदै गैरकानूनी आर्जन गरेको सम्पत्तिबाट बढेबढाएको सम्पत्तिलाई समेत आय कायम गरी गरेको फैसला सो हदसम्म त्रुटिपूर्ण रही बदरभागी रहेको छ । • **अभिकर्ता बापतको कमिसन आयः** निज गणेशप्रसाद पोखरेलको श्रीमती बिमलान्यौपाने (पोखरेल)लेरिलायन्स लाईफ ईन्स्योरेन्समा बीमा अभिकर्ता भै कार्य गरेबापत विभिन्न मितिमा जम्मा**रू.५,१४,६३६।२६**कमिसन बापत प्राप्त गरेको भनीरिलायन्स लाईफ ईन्स्योरेन्सले खुलाई पठाएको देखिन्छ।प्रतिवादीले सो आय कम भएको भनी विवाद गरेतापनि प्रमाणको अभावमा आयोगकै गणना कायम हुने देखियो भनी फैसला गरेको हुँदा पुनराबेदन जिकिर लिईरहनु पर्ने देखिदैन । • **विदेशबाट प्राप्त रेमिट्यान्सः** प्रतिबादी गणेशप्रसाद पोखरेलको छोरा गौरव पोखरेलले अष्ट्रेलियाबाट विभिन्न मितिमा बुवा गणेशप्रसाद पोखरेल र आमा बिमला न्यौपाने (पोखरेल)को नाममा गरी रू.१७,१९,४३०।१६ रकम पठाएको देखिन्छ भने नेपाली राजदुतावासको कार्यालय श्रीलंकामा कार्यरत छोरी ज्वाँई बालकृष्ण भण्डारीले फिक्स डिपोजिट गरिदिनको लागी भनी ससुरा गणेशप्रसाद पोखरेलको नाममा रहेको ग्लोबल आईएमई बैंकमा रहेको खाता नं. ९१०८०१०००००४४ मा मिति २०७७/०३/२६ मा रू.१२,२३,२८०।— (स्टेटमेन्टमा देखिएको) र मिति २०७८/०८/२९ मा रू.१६,४२,२१९।— (स्टेटमेन्टमा देखिएको) गरी रू.२८,७१,६९३।— पठाएको र उक्त रकमहरु निज गणेशप्रसाद पोखरेलको नाममा रहेको ग्लोबल आईएमई बैंक र प्राईम कमर्सियल बैंकमा फिक्स डिपोजिट गरिदिएको देखिन्छ। यसरी निज गणेशप्रसाद पोखरेल र निजको श्रीमती बिमला न्यौपाने विदेशबाट पठाएको रकम आयोगले निजको आयमा जम्मा रु ४५,८४,९२९।१६ गणना गरिएको देखिन्छ।सो मध्ये गणेशप्रसाद पोखरेलको सालो उद्धव न्यौपानेले कोरियाको पररार्ष्ट्र मन्त्रालयमा शाखा अधिकृतमा काम गर्दा पठाएको रकम

					रु.१,०२,८००।- गणेश प्रसाद पोखरेलको रा. बा. बैंकको खातामा सन् २०१७।१०।१२ मा जम्मा भएको देखिंदा गणना हुने देखियो भनी उक्त आय कायम हुने भनी सम्मानित अदालतबाट फैसला गर्दा थप गरेको देखिन्छ ।तर प्रतिबादीको सालो उद्धव न्यौपानेले कोरियाबाट पठाएको भने पनि सो रकमलाई प्रतिबादीले पुष्टि गर्न सकेको देखिदैन ।मौकामा सम्पत्ति बिबरण भर्दा तथा बयानको क्रममा उक्त रकमको बारेमा जिकिर लिन सकेको देखिदैन , अदालतमा उपस्थित भई बयान गर्दा अपुष्ट रुपमा जिकिर लिएकोमा उक्त अपुष्ट भनाईलाई आधारमानी गरेको उक्त फैसला सो हदसम्म त्रुटिपूर्ण रही बदरभागी रहेको छ । •**शेयर बिक्रीबाट प्राप्त रकमः** प्रतिबादी गणेशप्रसाद पोखरेल र निजको श्रीमती बिमला न्यौपाने (पोखरेल)को नाममा रहेको विभिन्नि कम्पनीहरुको शेयरविभिन्नस मितिमा बिक्री गरेर निजले जम्मा रू.७२,८८,०८६।५० प्राप्त गरेको देखिएता पनि उक्त बिक्री गरिएको शेयर मध्ये कतिपय शेयर खरिद गर्दा आंशिक वा पुरा रकमको स्रोत पुगेको नदेखिएको (जसलाई आय व्ययको प्रवाह विवरण र स्रोत नपुगेको सम्पत्तिको विवरण तालिकामा हेर्न सकिने) ले खरिद गर्दा खर्च भएको रकमको स्रोत नपुगेको शेयर बिक्रीबाट प्राप्त् रकमलाई आयमा गणना गर्दा खर्च हुँदा स्रोत पुगेको रकमको प्रतिशत बमोजिम नै बिक्रीबाट प्राप्त् रकमको प्रतिशतलाई मात्र आयमा गणना गर्दा निजले शेयर बिक्रीबाट जम्मा रू.५८,३२,४५३।३९ प्राप्तण गरेको देखिन्छ। जसलाई निजको आयमा गणना गरिएको छ। तर सम्मानित अदालतबाट फैसला हुँदा स्रोत नपुगेको समेतलाई आयमा कायम गरी शेयर बिक्रीबाट प्राप्त आय रु ७२,८८,०८६।५० कायम हुने देखियो भनी गरेको फैसला त्रुटिपूर्ण देखिन्छ।प्रतिबादीले गैह्रकानूनी रूपमा आर्जन गरी कमाएको सम्पत्ति पछि गएर उक्त सम्पत्ति बेचबिखन गरी प्राप्त गरेको आयले गैरकानूनी रूपमा आर्जन गरी कमाएको सम्पत्तिलाई परिपुरण गर्न सक्दैन ।यदि पहिला गैरकानूनी रूपमा आर्जन गरेको सम्पत्तिलाई पून सोही सम्पत्तिलाई बैध मानिने हो भन्ने कर्मचारीहरू भ्रष्ट्राचार गर्नमा उद्दत हुन पुग्छन । यसैले पहिला गैह्रकानूनी रूपमा आर्जन गरेको आयले पछि सो सम्पत्तिलाई बढे बढाएकोमा त्यसलाई बैध मानि गणना गरिनु भन्ने भ्रष्ट्राचार निवारण ऐन २०५९ को दफा २० को मर्म होईन । कुनै पनि सम्पत्ति बैध रुपमा आय आर्जन गरेको भन्ने नीज प्रतिबादीले प्रमाणित गर्न सक्नु पर्छ।प्रतिबादीले उल्लेखित जग्गाहरू बैध स्रोतबाट खरिद गरेको हो भनी प्रमाणबाट पुष्टि गर्न सकेको देखिदैन ।अन्य प्रमाणबाट पुष्टि नभएको अवस्थामा प्रतिबादीले जिकिर गरेको आधारमा मात्र आयलाई मान्याता दिन मिल्ने होईन । सम्मानति सर्बोच्च अदालतबाट “कानुनले नै सार्वजनिक पद धारण गरको मानिने राष्ट्रसेवकका साथमा रहेको सम्पत्तिको स्रोत पुष्टि गर्ने दायित्व निज उपर राखुको साथै जाँच अवधिमा खरिद गरिएका जग्गा बिक्रिबाट प्राप्त रकमलाई आय मान्न त्यस्तो जग्गा खरिदको स्रोत पनि पुष्टि गर्नु पर्ने”(ने.का. प. २०६९ अंक ५ नि.नं. ८८३२ नेपाल सरकार वि. खुमबहादुर खडका) भन्ने सिद्धान्त प्रतिपादन भएको छ।यस्तै स्रोत नखुलेको सम्पत्तिबाट बढे बढाएको चल अचल सम्पत्तिका सम्बन्धमा नेपाल सरकार विरूद्द युवराज शर्मा समेत समेत भएको मुद्दामा “गैरकानूनी आर्जन गरेको भनी पर्ने भ्रष्ट्राचार मुद्दामा जाँच अवधिमा प्रतिबादीले आर्जन गरेको सम्पत्ति र गरेका खर्चहरूको सो अवधिमा निजलाई कानूनी रूपमा प्राप्त भएका आयहरूबाट स्रोत पुष्टि गर्नु सक्नु पर्ने आधारभुत सम्पत्तिको स्रोत पुष्टि गर्न नसकेको अवस्थामा त्यसबाट बढेबढाएको सम्पत्ति स्वतः गैरकानूनी हुने भई दफा ४७ बमोजिम जफत हुने स्थिति रहन्छ त्यसैले बढेबढाएको सम्पत्तिको स्रोत खोज्न वा त्यस्तो सम्पत्तिबाट आधारभुत सम्पत्तिको स्रोत पुष्टि हुने गरी अर्थ गर्न मिल्दैन । बढेबढाएको सम्पत्तिलाई आयको मान्यता दिदा परिणामतः त्यसको आधारभुत सम्पत्तिकै स्रोत पुष्टि हुन जाने अवस्था सृजना हुन आउछ जुन कानुन सम्मत हुन नसक्ने(ने.का.प. २०६९अंक ५ नि.नं. ८८८६) भन्ने सिद्धान्त प्रतिपादन भएको छ ।यस्तै अर्को एक मुद्दामा “कानुनले नै सार्वजनिक

					पद धारण गरको मानिने राष्ट्रसेवकका साथमा रहेको सम्पत्तिको स्रोत पुष्टि गर्ने दायित्व निज उपर राखुको साथै जाँच अवधिमा खरिद गरिएका जग्गा बिक्रिबाट प्राप्त रकमलाई आय मान्न त्यस्तो जग्गा खरिदको स्रोत पनि पुष्टि गर्नु पर्ने" (ने.का. प. २०६९ अंक ५ नि.नं. ८८३२ नेपाल सरकार बि. खुमबहादुर खडका) भन्ने सिद्धान्त प्रतिपादन भएको छ । यसरी प्रतिबादीले जग्गा खरिद गर्दा बैधानिक स्रोतबाट खरिद गरेको भन्ने जिकिर लिई उक्त जिकिरलाई पुष्टि गर्न नसकेको अवस्थामा उक्त सम्पत्तिबाट बढेबढाएको सम्पत्ति समेत स्वतः गैरकानूनी हुने सम्मानित अदालतबाट सिद्धान्त प्रतिपादन भएको अवस्था हुँदा हुँदै गैरकानूनी आर्जन गरेको सम्पत्तिबाट बढेबढाएको सम्पत्तिलाई समेत आय कायम गरी गरेको उक्त फैसला त्रुटिपूर्ण रहेको छ । •**कृषि आयः** आयोगका कृषि बिज्ञले दिएको प्रतिबेदन अनुसार गणेश प्रसाद पोखरेलको जम्मा जग्गा बिगाह १-८-१४ जग्गाबाट बाट निजले सेवा प्रवेश गरेको मिति २०४६ सालदेखि २०७७ सालसम्मको निजले रू १२,९४,३६१।४९ आय कायम गरेको देखिन्छ सम्मानित बिशेष अदालतबाट फैसला हुँदा प्रतिबादीले पेश गरेको स्थानिय निकायको प्रतिबेदन यथार्थपरक नदेखिदा प्रमाणमा ग्रहणयोग्य देखिएन भनी प्रतिबादीको जिकिरलाई निजको आयमा कायम नगरतापनि प्रतिबादीको कृषि आय २०४६ देखि २०७८ सालसम्मको ३ बालीको कृषि आय गणना गर्नु पर्ने देखिन्छ । आयोगले २०७७ साल सम्मको मात्र कृषि आय गणना गरेको हुँदा १ बर्षको आयमा आयोगकै मापदण्ड अनुसार आयोगले दिएको आयमा हिउदे बालीको रू ४०,६७४ र बर्षे बालीको रू ६१,३२५ थप गर्दा रू १३,९६,३६० हुने सोही आयमा हिउदे बालीको मापदण्ड अनुसार बालीको रू ५,८६,६९० थप गर्दा प्रतिबादीको कुल रू १९,८३,०५० हुने देखियो भनी प्रतिबादीको आय कायम गरेको देखिन्छ ।बास्तवमा कृषि आय गणना गर्दा कृषि आय उत्पादनमा निर्भर गर्ने हुँदा जग्गाको उर्भरशिलता ,खेतिपातिको तौरतरिका एंब कौशल, लगनशिलता सिंचाईको उपलब्धता ,आकाशेपानी मा निर्भरता आदिजस्ता तत्वले निर्भर गर्दछ । प्रतिबादीको जग्गामा सधै तिनै खेति उत्पादन हुन्छ भनेर भन्न सकिने अबस्था हुदैन । यी प्रतिबादीले जिकिर लिएका जग्गाहरू खेतियोग्य हुन या होईनन अर्थात के के तिन खेती हुने भनी केही ब्याख्या नगरी अनुमानको आधारमा प्रतिबादीको तिन खेती हुने भनी गरेको फैसला त्रुटिपूर्ण रही बदरभागी रही बदरभागी रहेको छ । •**टिकाटालोबाट प्राप्त रकम-ः** प्रतिवादीले बिमला न्यौपाने सँग विवाह हुँदा टिकाटालो गोड्धुवामा रु.४,८२,१००।— प्राप्त गरेको जिकिर गरेकोमा सामाजिक परम्परा प्रतिवादीको आर्थिक सामाजिक हैसियत समेतका आधारमा प्रतिवादीले विवाहमा टिकाटालो वापत दक्षिणा प्राप्त गर्ने न्यायिक अनुमानका आधारमा निजको सो आय जम्मा रु.४००,०००।— गणना गर्नुपर्ने देखियो भनी फैसला गरेको देखिन्छ । प्रतिबादीले जिकिर लिएको आयलाई बस्तुनिष्ठ प्रमाणबाट पुष्टि गर्न सकेको देखिदैन । बैंकमा राखि अभौतिकिकरण गरेको भए बिश्वास लायक हुनेमा नगद उल्लेख गरेको हुँदा बिश्वासयोग्य देखिदैन । रकमको प्रकृति र परिणामलाई हेर्दा प्रतितलायक हुनु पर्ने हुन्छ भनी खुम बहादुर खड्काको मुद्दामा बोलिएको छ (ने.का.पा.२०५९ अंक ५ नि.नं. ८८३२) यसरी अनुमानको आधाराम उक्त आय कायम गरी गरेको फैसला त्रुटिपूर्ण रही बदरभागी रहेको छ । •**बिभिन्न संघ संस्थाबाट प्राप्त रकम-:**प्रतिवादीले छोरा सौगात पोखेल अपांग रहेको कारण बिभिन्न संघ संस्थाबाट प्राप्त गरेको सहयोग रु ६,२१,१००। आयमा गणना हुनुपर्ने जिकिर गरेकोमा निजको बैंक खातामा जम्मा भएको रकमको आधारमा निजको सो आय जम्मा रु ३,६३,०८८। कायम गरिएको छ भनी फैसला गरेको अवस्था रहेको छ । तर फैसलामा उक्त रकम को कसरी के कति मात्रमा सहयोग गरेको हो भनी खुलाउन सकेको देखिदैन । केबल प्रतिबादीले अपुष्ट रूपमा एकमुष्ठ लिएको दावीको आधारमा मात्र उक्त आय कायम गरेको हुँदा उक्त फैसला त्रुटिपूर्ण

रही बदरभागी रहेको छ ।

- **दान गरेको रकमको सम्बन्धमा-:** प्रतिवादीले छोरा गौरव पोखेल र सौगात पोखेललाई फुपु गीता भट्टराईले दान गरेको रु १०,००,०००।कायम हुनुपर्ने जिकिर लिएकामा गौरव पोखेल र सौगात पोखेलको बैंक बिबरण र गीता भट्टराईको खाताबाट बैंक ट्रान्सफरबाट पुष्टि भएकोले सो आय रु १०,००,०००।गणना गरिएको छ भनी फैसला गरेको देखिन्छ।प्रतिबादीले आयोगमा भरेको १३ माने सम्पत्ति बिबरण फारमामा गिता भट्टराईबाट रू १५,००,०००।—लिएको र रक्ता ऋणको साँवा ब्याज तिरेको भनी उल्लेख गरेको देखिन्छ तर छोरा गौरव र सौगात पोखरेलाई फूपु गिता भट्टराईले दान गरेको भनी उल्लेक गर्न सकेको देखिदैन र मौकामा अनुसन्धानको क्रममा बयान गर्दा समेत प्रतिबादीले उक्त जिकिर लिन सकेको देखिदैन । अदालतमा उपस्थित भई आफु कसूरबाट उन्मुक्ति पाउनको लागी बयान गर्दा तथा लिखित प्रतिबादमा लिएको जिकिरको आधारमा उक्त आय कायम गर्न मिल्ने होईन । यदी निजको उक्त आय फुपुले दिएको भए मौकामा बयानको क्रममा र सम्पत्ति बिबरणमा उल्लेख गर्न सक्नु पर्ने सो गर्न सकेका छैनन । सम्मानित सर्बोच्च अदालतबाट "सार्बजनिक पदमा बहाल रहेको पदाधिकारीहरूले कानुन बमोजिम नियमित रूपमा साधिकार निकायमा बुझाउने सम्पत्ति विवरण फारम औपचारिकताको बिषय मात्र होईन यसको प्रमाणिक मुल्य हुन्छ । जिम्मेबार पदाधिकारीले जिम्मेवार निकायमा आफैले बुझाएको विवरणबाट सृजित जिम्मेवारीबाट पन्छिन मिल्दैन"(युवराज शर्मा बि. नेपाल सरकार ०७१-NF-००२१) भन्ने समेत सिद्धान्त प्रतिपादन भएको छ । यसरी प्रतिबादीले मौकामा प्राप्त भएको रकमको सम्बन्धमा केही उल्लेख नगरेको र अदालतमा उपस्थित भई बयान गर्दा लिएको जिकिरलाई मात्र आधार लिई उक्त रकमलाई आयमा गणना गरेको फैसला सम्मानित अदालतबाट प्रतिपादित सिद्धान्त प्रतिकुल रही बदरभागी रहेको छ ।
- **काठको घर बिक्रिबाट आय**- प्रतिवादीले झापा स्थित काठको घर बिक्रीबाट प्राप्त रकम रु २,००,०००।गणना हुनुपर्ने जिकिर गरेकोमा बिक्री लिखतको आधारमा सो आय रु २,००,०००। गणना गर्नुपर्ने देखियो भनी आय कायम गरिएको भए पनि सो संग सम्बन्धित कागजपत्र मौकामा बयानको क्रममा पेश गर्न नसकेको र सम्बन्धित मालपोत कार्यालयसँग माग गर्दा समेत उक्त घरजग्गा बिक्रि गरेको देखिने कागजात उपलब्ध हुन नआएकोले निजले बिक्रि गरेको भनी उल्लेख गरेको भनेको उक्त घरजग्गा बिक्रि गरेको प्रमाण तत्काल पुग्न नसकेको हुँदा आयमा कायम नगरेको हो । प्रतिबादीले अदालतको बयानको क्रममा आफु कसुरबाट उन्मुक्ति पाउनको लागी निर्माण गरी पेश गरेको कागजलाई आधार मानी प्रतिबादीको आयमा कायम गरेको उक्त फैसला त्रुटिपूर्ण रही बदरभागी रहेको छ ।
- यसरी माथि उल्लेखित बिवेचित शिर्षक अन्तर्गत प्रतिबादीको जाँच अवधिमा समग्र आय रहेको भन्ने मिशिल संलग्ग प्रमाणबाट पुष्टि भएको देखिदा सोही अनुसार आय कायम गरी फैसला गर्नु पर्नेमा फरक आय कायम गरी भएको फैसला त्रुटिपूर्ण रहेको देखिन्छ ।

<u>प्रतिबादीको ब्यय</u>

६) वादीले आरोपपत्रमा कायम गरेको व्यय शीर्षकहरु मध्ये प्रतिवादीले देहायका शीर्षकहरुमा विवाद नगरी स्वीकार गरी बसेकोले आरोपपत्रमा कायम व्यय रकम नै गणना हुने देखियो भनी फैसला गरेको हुँदा सो हदसम्म पुनराबेदन जिकिर लिनु पर्ने देखिदैन ।

क.स.	व्यय तथा सम्पत्ति

	विवरण	रकम
१.	निज गणेश प्रसाद पोखरेल र श्रीमती बिमला न्यौपाने (पोखरेल)को नाममा विभिन्न स्थानमा जग्गा खरिद गर्दा भएको खर्च रजिष्ट्रेशन दस्तुर समेत	५०,१८,५२०।-
२.	निज गणेश प्रसाद पोखरेलले कर्मचारी सञ्चयकोष र नागरिक लगानी कोषबाट लिएको ऋण बापत तिरेको सावाँब्याज रकम	९१,२९,५६४.८०
३.	बिमला न्यौपाने (पोखरेल)को नाममा रहेको जिल्ला भक्तपुर मध्यपुर ठिमी तथा झापा स्थितको घर बहालबाट प्राप्त रकम बापत तिरेको बहाल कर	१,४७,२१०।-
४.	गणेश प्रसाद पोखरेलको नाममा जिल्ला झापा चन्द्रगढी ६ स्थित कित्ता नं. ३३७६, ३३७९ र ३३८१ घर जग्गा बिक्री गर्दा तिरेको पुँजिगत लाभकर	१,००,०००।-
५.	गणेश प्रसाद पोखरेलको नाममा गरेको जिवन बीमा बापत तिरेको बीमा प्रिमियम	३१,४,९८६।-
६.	गणेश प्रसाद पोखरेलको छोराछोरीको बिवाह, ब्रतबन्ध र सामाजिक कार्यमा भएको खर्च	५,००,०००।-
७.	सुन खरिद	४,७०,०००।-
८.	निज र निजको परिवारको नाममा विभिन्न बैकमा रहेको खाताहरुमा भएको मौज्दात रकम	४१,८९,२७०.४६

•**घर निर्माण खर्चः** गणेशप्रसाद पोखरेलले आयोगमा पेस गरेको सम्पत्ति विवरण फाराम र बयानको सवाल नं. ३५ मा खुलाए अनुसार निजको नाममा रहेको जिल्ला झापा चन्द्रगढी ६ स्थित कित्ता नं. ३३७६,३३७९ र ३३८१ को जग्गामा घर निर्माण गर्दा रू.२,००,०००।— खर्च भएको ।त्यसै गरी निजको श्रीमती बिमला न्यौपाने (पोखरेल)को नाममा रहेको जिल्ला भक्तपुर मध्यपुर ठिमि साबिक वडा नं. १५ हाल वडा नं. ३ स्थित कित्ता नं. १०७ को जग्गामा २०७५ सालमा २७७३.३८ बर्गफिटको घर निर्माण गरेको उक्त घर, कम्पाउण्ड, ईलेक्ट्रिकल उपकरण तथा आन्तरिक सजावट फर्निचर समेतको जम्मा मुल्य रू.८४,४६,०२६।७५ रहेको देखिन्छ ।यसरी झापा र भक्तपुरमा गरी घर निर्माणमा जम्मा रू.८६,४६,०२६।७५खर्च गरेको देखिदा आयोगबाट उक्त खर्चलाई प्रतिबादीको व्यय शिर्षक अन्तर्गत कायम गरिएको देखिन्छ ।सो घर मध्ये झापा चन्द्रगढीको जग्गामा घर निर्माण गर्दा

					रू.२,००,०००।— खर्च भएको भनिएकोमा उक्त रकम मध्ये रू.१,००,०००।— निजको बुवाले खर्च गरेको भन्ने प्रतिवादी जिकिर रहेको देखिन्छ। प्रतिवादी २०४६ सालमा बुवा र दाजुभाईसंग अंशबण्डा गरी छुट्ट भिन्न भएको देखिदा अंश मिलान गर्न बुवाले रू.१,००,०००।दिएको जिकिर विश्वास योग्य नै देखियो भनी प्रतिवादीको उक्त घर निर्माणको व्यय जम्मा रु १,००,०००।कायम हुने देखियो भन्नी अतार्किक अनुमानको आधारमा उक्त व्यय कायम गरेको देखिन्छ । अदालतबाट फैसला गर्दा अनुमान गर्न योग्य तथ्यलाई नै अनुमान गरि प्रमाणमा ग्रहण गर्नु पर्छ । प्रतिबादीले आफु कसूरबाट उम्मुक्तिको लागी बयानको क्रममा अस्वभाविक कुराहरूको जिकिर लिएको आधारमा बिना प्रमाण मौखिक भनेको आधारमा उक्त आयलाइ स्वीकार गरी फैसला गर्नु न्यायोचित देखिदैन । प्रतिबादीले अंशबापत प्राप्त गरेको भन्ने कुनै कागज प्रमाणबाट प्रतिबादीले पुष्टि गर्न सकेको अवस्था देखिदैन।त्यसैले उक्त घर निर्माण गर्दा जम्मा १,००,०००।—लागेको भनी गरेको फैसला त्रुटिपूर्ण देखिन्छ । यस्तै भक्तपुरको घर मिति २०७५।१०।२१ मा निर्माण सम्पन्न भएको देखिदा सो मिति सम्मको सहरी तथा भवन निर्माण बिभागको दररेट प्रतिबर्ग फिट रु २४४१ को दररेटले लगानी निकाल्नु पर्ने देखियो।यसरी घरमा भएको बास्तविक लगानी २७७३.३८x २४४१ गर्दा जम्मा रु ६७६९८२०।५८ हुने देखियो।र प्रतिबादीले उक्त घर आफैले निर्माण गरेको जिकिर लिएको हुँदा ठेक्का कर ओभरहेड खर्च समेत २०% ले हुने रू १३,५३,९६४।११ घटाउदा संरचानतर्फ जम्मा रू ५४,१५,८५६।४७ र घरको इलेक्ट्रिकल र इलेक्ट्रोनिक्स सामानहरुको मूल्य रू मा ५०% घटाई रू १,४७,६४२ हुने देखियो भनी घर निर्माण तर्फको बन्यय रू ५६,६३,४९८।४७ कायम हुने देखियो भनी गरेको फैसला त्रुटिपूर्ण रहेको देखिन्छ ।बास्तबमा घर निर्माण गर्दा कुनै पनि ठेक्का दिदा ठेकदारले समेत नेपाल सरकारलाई ठेक्का बापतको कर तिर्न पर्ने भएको हुँदा उक्त करलाई व्ययमा गणना गर्न नमिल्ने भन्ने हो तर व्यक्तिले आफैले घर निर्माण गर्दा उक्त कर राज्यलाई तिरेको हुँदैन त्यसले गर्दा उक्त खर्च घटाउनु पर्छ भन्ने कानूनतह मिल्ने होईन ।यसरी माथि उल्लेखित आधारकारणबाट आयोगबाट बिज्ञटोलीबाट दिएको प्रतिबेदनको आधारमा उक्त व्यय कायम गरिएकोमा उक्त व्ययलाई प्रतिबादीको घर निर्माणको बास्तबिक व्यय भएको मिसिल संलग्न प्रमाणबाट पुष्टि भएको हुँदा हुँदै कम व्यय कायम हुने गरी भएको फैसला त्रुटिपूर्ण रही बदरभागी रहेको छ । •**शैक्षिक खर्च-:** प्रतिबादी गणेश प्रसाद पोखरेलले आयोगमा पेस गरेको सम्पत्ति विवरण फाराम साथ संलग्न रहेको कागजात, विभिन्न शैक्षिक संस्थाहरुबाट प्राप्त पत्र र अन्य विवरण अनुसार निजको छोरा गौरव पोखरेल र छोरी अंकिता पोखरेल भण्डारीलाई नेपाल विभिन्न शैक्षिक संस्थाहरुमा विभिन्न तहमा अध्ययन गराउँदा जम्मा रू.६,५४,७८०।— खर्च भएको देखिन्छ।छोरा गौरव पोखरेल अष्ट्रेलिया अध्ययनको लागी गएको कन्सल्टेन्सी कार्यालय सजिप एजुकेशन कन्सल्टेन्सीबाट प्राप्त पत्र अनुसार निज अष्ट्रेलिया अध्ययनको लागि जाँदा रू.१३,३५,७४८।३७ खर्च भएको दावी देखिन्छ। गौरव पोखरेल मिति ०७४।१०।१९ मा अष्ट्रेलिया अध्ययनको लागी गएको देखिएको हुँदा सो मितिको टिकट खर्च कायम गर्दा रु ९०,०००। घटने देखियो। भन्न समेत आधार लिई फैसला गरेको देखिन्छ । बास्तबमा प्रतिबादीको छोरा अध्ययनको लागी अष्ट्रेलिया गएको टिकटलाई के कुन आधारमा निजको व्यय कायम गरिएन फैसलामा बोलिएको छैन । टिकट काटी जानु पनि प्रतिबादीको खर्च शिर्षक अन्तर्गत पर्ने हुँदा सो रकमलाई समेत व्ययमा कायम हुनुपर्नेमा सो घटाई गरेको फैसला सो हदसम्म त्रुटिपूर्ण रहेको छ । •**सवारी साधन खरिदः** प्रतिबादी गणेशप्रसाद पोखरेलले आयोगमा पेस गरेको सम्पत्ति विवरण फाराममा उल्लेख गरे अनुसार निजले २०६७ सालमा मे. ३ प. ५५७७ नं. कोहोण्डा साईन मोटरसाईकल रू.१,६५,०००।— मा खरिद

					गरेको देखिन्छ भने निजको नाममा रहेको वा. ८१ प. ३८१६ नं. को होण्डा युनिकन बाईक मिति २०७३/०९/२४ मा रू.२,१९,१३०।६२ मा खर्च गरेको र जाँच अवधी सम्ममा विभिन्न शिर्षकमा रू.३४,७९३।— कर बुझाएको भनी यातायात कार्यालयबाट खुलाई आऐको समेत देखिएकोले निजले आफ्नो नाममा मोटरसाईकल खरिद र कर बुझाउनमा समेत गरी जम्मा **रू.४,१८,९२३।६२** खर्च गरेको देखिएको हुँदा उक्त रकमलाई व्यय कायम गरी आरोपपत्र दायर गरेको देखिन्छ । मोटरसाईकलको विभिन्न शिर्षकमा विभिन्न मितिमा कर बुझाएकोलाई समेत व्यय कायम गरेको मनासिब नदेखिदा कर भनिएको रू.३४,७९३।— घटाई सवारी साधन खरिद तर्फ जम्मा रु ३,८४,१०३।व्यय कायम गरिएको छ।कर तिरेकोलाई प्रतिबादीको व्यय कायम नगरेको तर्फ हेर्दा उक्त रकम प्रतिबादीले के कुन स्रोतबाट प्राप्त गरी उक्त कर तिरेको हो सो खुलाउन सकेको देखिदैन ।कर तिर्नु पर्ने प्रतिबादीको खर्च अन्तर्गतको दायित्व श्रुजना गर्छ ।प्रतिबादीले सवारी साधन बापतको कर तिरेकोमा अन्यथा भन्न सकेको समेत देखिदैन । यसरी कर तिरेकोलाई दायित्व श्रुजना नगरी छुट दिइ गरेको फैसला त्रुटिपूर्ण रहेको देखिन्छ । **विभिन्न कम्पनिहरुको शेयर खरिद/लगानी गर्दा भएको खर्चः** •निज गणेशप्रसाद पोखरेलले निज सार्वजनिकसेवामा प्रवेश गरे पश्चात आफु र आफ्नो परिवारको नाममा विभिन्नद बैंक वित्तियसंस्था तथा कम्पनीहरुको साधारण शेयर खरिद गर्दा रू.१,७८,०००।- र निज तथा निजको श्रीमतीको नामबाट सेकेन्डरी बजारमा शेयर कारोबारगर्दा रू.१,२५,९९,५७२।१० गरी जम्मा रू.१,२७,७७,५७२।१० खर्च गरेको।निजको श्रीमती बिमला न्यौपाने (पोखरेल)को नाममा रहेको गौरव कम्प्युटर स्किन प्रिन्ट उद्योगमा मिति २०६२/०५/२७ मा रू.८५,८००।- लगानीगरेको। यसरी निजले शेयर खरिद तथा लगानी गरी जम्मारू.१,२८,६३,३७२।१०बराबरको रकम खर्च गरेको देखिन्छ। प्रतिबादीले गौरव कम्प्युटर स्किन प्रिन्ट उद्योगमा दोहोरो लगानी गरेको भन्ने प्रतिबादीको जिकिर पुष्टि हुन नसकी आरोपमाग दावी बमोजिम नै व्यय कायम गरेको देखिदा कुनै पुनराबेदन जिकिर लिईरहनु पर्ने देखिदैन । •अतः माथि बिबेचित प्रतिबादीको जग्गा खरिद गर्दा भएको रजिष्ट्रेशन खर्च,सञ्चयकोष र नागरिक लगानीकोषबाट लिएको ऋण बापत तिरेको खर्च,बहाल कर,पुजिगत लाभकर,जिवनबिमा बिमा प्रिमियम भुक्तानी सामाजिक कार्यमा भएको खर्च,सुन खरिद, बैंकमा जम्मा भएको रकम, घर निर्माण खर्च,सवारीसाधन खर्च,बिभिन्न कम्पनिहरूमा शेयर खरिद गर्दा लागेको खर्च समेतबाट प्रतिबादीको , समग्र व्यय रू ४,३७,८८,४०२.१०।- भएको पुष्टि हुँदा हुँदै मिशिल संलग्ग समग्र प्रमाणको उचित मुल्यांकन नगरी एबं सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त प्रतिकुल हुने गरी आयोगबाट कायम गरिएको व्यय भन्दा कम व्यय कायम गरी भएको फैसला बदरभागी रहेको छ • यसरी माथि उल्लेखित आधार र प्रमाणबाट प्रतिबादीले आफु सरकारी सेवामा प्रवेश गरीसकेपछि जाँच अवधिसम्मको आफुसँग भएको सम्पत्तिको बैधानिक माध्यमबाट आय आर्जन गरी कमाएको सम्पत्ति हो भनी पुष्टि गर्ने प्रमाणको भार प्रतिबादीमा रहेको अर्थात नीजले आर्जित गरेको सम्पत्ति Illicit enrichment होईन भनी पुष्टि गर्ने भार प्रतिबादीको रहेकोमा प्रतिबादीले आफूले आर्जन गरेको रकम बैध हो भनी पुष्टि गर्न नसेकेको र मिशिल संलग्न कागज प्रमाणबाट प्रतिबादीले गैरकानूनी रूपमा आर्जन गरेको सम्पत्ति रहेको भन्ने देखिएको हुँदा प्रतिबादीको माथि विवेचित शिर्षक अन्तर्गतको रकम गैरकानूनी रुपमा आर्जन गरेको पुष्टि भएको देखिदा आरोप माग दावी बमोजिम सजाय गर्नु पर्नेमा सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको हुँदा उक्त फैसला बदर भागी रहेको छ । •अतः माथि उल्लेखित आधार र कारण समेतबाट विशेष अदालत काठमाण्डौले प्रतिबादी गणेश प्रसाद पोखरेललाई

					सफाई दिने र प्रतिबादी बिमला न्यौपाने(पोखरेल)को नाममा रहेको सम्पत्ति जफत नगर्ने गरी भएको फैसला त्रुटिपूर्ण भएको हुँदा उक्त फैसला वदर गरी आरोप-पत्र मागदावी बमोजिम कसूर ठहर गरी सजाय गरी प्रतिबादी गणेश प्रसाद पोखरेलले अवैध रूपमा आर्जन गरेको सम्पत्ति जफत गरीपाउँन सम्मानित अदालत समक्ष अनुरोध छ।